२०७१/११/०४

**आदरणीय पत्रकार मित्र एवम् उपस्थित महानुभावहरू !**

**हार्दिक अभिवादन !**

संविधान सभाको दोस्रो निर्वाचनपछि आ.व. ०७१/०७२ को यस अवधिमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत छनौट भएका योजना र विनियोजित रकमबारे ने.क.पा. (एमाले) क्षेत्रीय कमिटी क्षेत्र नं ३ कास्कीद्वारा आयोजित पत्रकार भेटघाट कार्यक्रममा प्रेस विज्ञप्ति मार्फत् जानकारी गराउन चाहन्छु। पहिलो संविधान सभाबाट निर्वाचित भएलगत्तै प्रत्येक आर्थिक वर्षमा हामीले छनौट भएका विकास कार्यक्रमका योजना तथा समसामयिक राजनैतिक सवालमा नियमित रुपमा यहाँहरू समक्ष अवगत गराउँदै आएका छौं। आर्थिक वर्षका हिसाबले यो छैठौं पटक हो।

निर्वाचन क्षेत्र विकास कार्यक्रमको संशोधित निर्देशिका ०७१ अनुरुप हाम्रा विकास कार्यक्रमहरू छनौट भएका छन्। कतिपय स्थानीय क्षेत्रबाट माग भएका योजनालाई बजेटको सिमा तथा निर्देशिकाको मापदण्डका कारण समावेश गर्न सकेका छैनौ। खासगरी निर्वाचन क्षेत्रभित्रका सबै भूगोलका नगरका १२ वटा वडा तत्कालीन तीन वटा गाउँ विकास समिति समेतलाई समेट्नुपर्ने वस्तुगत अवस्था छ। माग गरिएका सबै योजना छनौटमा पर्न नसक्ने, परेका योजनामा पर्याप्त बजेट विनियोजन गर्न नसकिने यथार्थबारे यहाँहरू सबै जानकार हुनुहुन्छ।

व्यापक जनसहभागितामा स्थानीय विकास क्षेत्रका भौतिक पूर्वाधारलाई बल पुग्ने योजना र एक आर्थिक वर्षभित्रै सम्पन्न हुने खालका योजनामा हामीले बजेट विनियोजनको प्रमुख आधार बनाएका छौं। निर्वाचन क्षेत्रको विकास कार्यक्रमको विनियोजित थोरै रकमबाट प्रभावित भएर त्यस बजेटको कैयौं गुणा बजेट संकलनमा स्थानीय जनसहभागिता जुटेको अवस्था छ भने चालु रहेका पूर्वाधारका काममा यस कार्यक्रमबाट विनियोजित रकमबाट सिंगो योजनाले सम्पन्नता पाएको अवस्था समेत अवगत गराउन चाहन्छु। पहुँच भएका ठाउँ वा पहुँच भएकाले मात्र ठूला योजना र विकास रकम एकै ठाउँमा केन्द्रित गर्ने परम्परागत संरचनालाई परिवर्तन गर्न हामीले प्रयत्न गऱ्यौं। फलस्वरुप यसै आर्थिक वर्षदेखि प्रत्येक निर्वाचन क्षेत्रमा रु. १,००,००,०००।- (एक करोड) विनियोजित भएको अवस्था छ। यसै सन्दर्भमा यो निर्वाचन क्षेत्रमा भौतिक निर्माणका पूर्वाधारलाई बलियो बनाउन २०७१ बाट सबै निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सुरु भएको छ। यसबाट समेत क्षेत्रको भौतिक विकास तथा मानवीय संशाधन क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका रहने आशा गर्न सकिन्छ।

## योजना र विनियोजित कार्यक्रम

### निर्वाचन क्षेत्र विकास कार्यक्रम २०७१/०७२ क्षेत्र नं. ३ कास्की

| क.स. | उपभोक्ता समिती | ठेगाना | आयोजनाको किसिम | रकम |
|---|---|---|---|---|
| १ | बुढानिलकण्ठ मन्दिर संरक्षण समिती | पोखरा-४ | भवन | १००,००० |
| २ | धवल मार्ग कर्ल्भट निमाण समिती | पोखरा-५ | कर्ल्भट | ९०,००० |
| ३ | श्री तालबाराही उच्च मा.वि. | पोखरा-६ | फर्निचर | १००,००० |
| ४ | विश्राम स्थल निर्माण | पोखरा-७ | विश्राम स्थल | १००,००० |
| ५ | संगम मार्ग विकास समिती | पोखरा-८ | सडक निर्माण तथा सोलार वत्ति जडान | १००,००० |
| ६ | चन्डिका आमा समुह | पोखरा-९ | फर्निचर खरिद | १००,००० |
| ७ | सामुदायिक भवन दामोदर कुना मोटरबाटो | पोखरा-१७ | सडक निर्माण | १,६०,००० |
| ८ | पुन मगर समाज भवन | लेनपा-१६ | भवन | १००,००० |
| ९ | आदर्श आमा समुह भवन | लेनपा-१७ | भवन | ७५,००० |
| १० | खुर्वादी खानेपानी लिफ्टिङ | लेनपा-१८ | खानेपानी | १००,००० |
| ११ | खोरथापे गहतरा फोक्सिङ्गकोट वरपोखरी पर्यटन मार्ग | पोखरा-२३ | पर्यटन मार्ग | ८०,००० |
| १२ | वृहद खानेपानी ट्याँकी निर्माण | पोखरा-२४ | ट्याँकी निर्माण | ११०,००० |
| १३ | क्रिया पुत्री भवन निर्माण | पोखरा-५ | भवन | २५,००० |
| १४ | जलदेवी मन्दिर संरक्षण पार्क निर्माण समिती | पोखरा-२३ | पार्क निर्माण | ४०,००० |
| १५ | पोखरा नगर स्तरिय वाल संरक्षण | पोखरा-७ | फर्निचर | ४०,००० |
| १६ | **आदर्श चेतनशील आमा समूह** | **लेनपा-१८** | **पर्खाल निर्माण** | **१०५,०००** |
| **१७** | **मासबार आमा समूह** | **पोखरा-७** | **पर्खाल निर्माण** | **५०,०००** |
| | **निर्वाचन क्षेत्र कार्यालय** | **पोखरा** | **प्रशासनिक खर्च** | **७५,०००** |
| | **जम्मा** | | | **१५,००,००** |

दुवै कार्यक्रमबाट प्राप्त बजेटलाई हामीले शिक्षा, खानेपानी, ग्रामीण सडक बाटो, पर्यटन, पार्क संरक्षण, सौर्य ऊर्जा, सामुदायिक भवन निर्माण जस्ता विषयमा केन्द्रित गरेका छौं । सबै योजना सम्पन्न गर्न उपभोक्ता समिति गठन गर्दै जनसहभागिता र जन श्रमदानलाई अनिवार्य गरिएकोले विकास क्षेत्रमा थप प्रतिफल आउनेछ ।

अन्तमा, यहाँहरूको सल्लाह सुझाव र सहभागिताप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

..................

**रविन्द्र अधिकारी**
**सभासद**
**सभापति- व्यवस्थापिका संसद विकास समिति**
**केन्द्रीय सदस्य- नेकपा एमाले**

# निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम-२०७१

# योजना र विनियोजित रकम विवरण

### क्षेत्र नं. ३, कास्की

| क.सं. | संस्था/उपभोक्ता समिति | ठेगाना | योजनाको किसिम | रकम |
|---|---|---|---|---|
| १. | जनचेतना उच्च मा.वि. | पोखरा-२३ | भवन निर्माण | ९,००,०००।- |
| २. | जानकी निमावि | पोखरा-१७ | भवन निर्माण | ९,००,०००।- |
| ३. | साउनेपानी खानेपानी योजना | लेनपा-१६ | खानेपानी विस्तार | १२,००,०००।- |
| ४. | चैनपुर-देउराली ग्रामीण सडक | लेनपा-१६ र १८ | ग्रामीण सडक निर्माण | ८,००,०००।- |
| ५. | फुस्रेखोला-भाल्डाँडा-धुँवारकोट ग्रामीण सडक | पोखरा-२४ | ग्रामीण सडक निर्माण | १२,००,०००।- |
| ६. | मितेरी पुल मर्मत सुधार आयोजन | पोखरा-१७ | पोखरा-१७ र १५ जोड्ने पुल सुधार | ७,००,०००।- |
| ७. | आपु-कसेरी-तिलबारी-उपल्लो पुँडी भक्रेक ट्र्याक खोल्ने | लेनपा | मोटरबाटो | १०,००,०००।- |
| ८. | भविष्य निर्माण उच्च मा.वि. | पोखरा-२४ | भवन निर्माण | ९,००,०००।- |
| ९. | बेलघारी बहुउद्देश्यीय भवन निर्माण खानेपानी योजना सञ्चालन | पोखरा-१७ | खानेपानी योजना | १२,००,०००।- |
| १०. | राममन्दिरमा आश्रम निर्माण | पोखरा-१७ | आश्रम निर्माण | १०,५०,०००।- |